# बेलका नगरपालिका उदयपुर
# आर्थिक वर्ष २०८१/८२ को
# नीति तथा कार्यक्रम
# २०८१

## बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## उदयपुर


**<u>प्रस्तुत गर्ने</u>**
**अशोक कार्की**
**नगर प्रमुख**

# आर्थिक वर्ष २०८१/८२ को
# वजेट बक्तब्य
# २०८१

## बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## उदयपुर

# बेलका नगरपालिकाको चौधौ नगरसभाको अधिवेशनमा नगर उप प्रमुख श्री जीरा राईज्यूवाट प्रस्तुत

# आ.व. २०८१/८२ को वजेट बक्तब्य सिद्धान्त तथा मार्गदर्शन

बेलका नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
उदयपुर

# २०८१ साल आषाढ १० गते सोमबार

बेलका नगरपालिकाको चौधौ नगरसभाका सभाध्यक्ष महोदय

सभाका सचिवज्यू

नगरसभाका सम्पुर्ण सदस्यज्यूहरु

"सवल आर्थिक, सामाजिक तथा भौतिक पुर्वाधार, स्वच्छ सुन्दर समुन्नत र समृद्ध वेलका नगरको आधार" भन्ने मुल भावनामा सम्पुर्ण नगरबासीमा उत्साहपुर्ण सहभागिता हुदै समृद्ध नगर वनाउन बिकास र सुशासनलाई मुल आधार मान्दै नगरको आर्थिक कृयाकलापहरुलाई गतिशिल तुल्याउने दृढ विश्वासका साथ म यस बेलका नगरपालिकाको चौधौ गरिमामय नगरसभाको अधिवेशन समक्ष आर्थिक बर्ष २०८१/८२ को बार्षिक वजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

नेपालको संबिधानले परिकल्पना गरेको स्वाधिन समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पनालाई साकार पार्न तथा बेलका नगरबासीलाई खुसि अभिबृद्धि गर्न आर्थिक वर्ष २०८१/८२ को वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मैले गौरवको महशुस गरेको छु । बेलका नगरपालिकाको नीति तथा कार्यक्रम, वजेट तर्जुमा मार्गदर्शन तथा वजेट तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुन जनप्रतिनिधिज्यूहरु तथा कर्मचारीज्यूहरु र सल्लाह सुझाव दिनुहुने सम्पुर्ण नगरबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अधिक जनअपेक्षा अनुरुप सवै क्षेत्रलाई समेट्ने प्रयास गरेता पनि निश्चित श्रोत र साधनको अधिनमा रहि वजेट तथा कार्यक्रम तर्जुमा गर्नेपर्ने बाध्यता रहेको हुदा सवैका भावना तथा अपेक्षालाई संबोधन गर्न नसकेता पनि अत्यावश्यक र श्रोतले ब्यवस्थापन हुन सक्नेलाई संबोधन गर्ने प्रयास गरेका छौ ।

बेलका नगरपालिका विभिन्न विपदजन्य अवस्थावाट घेरिएको विषय सवैमा जानकारीनै छ । पूर्वाधार विकास तथा मानवीय विकासका विविध पक्षहरुमा समेत उल्लेख्य सुधार गर्नुपर्ने हुदा सो को लागि हाम्रो प्रयास जारीनै छ । भविष्यमा आईपर्ने विभिन्न प्रकृतीजन्य विपद तथा स्वास्थ्यजन्य विपदको कुशल ब्यवस्थापन गरि जनताको जिउधनको सुरक्षा गर्नु स्थानीय सरकारको दायित्व समेत रहेको हुदा विपदजन्य अवस्थाको समेत आंकलन गरि विकासका आयोजना तय गर्नुपर्ने हुदा सन्तुलित र समानुपातिक विकास गर्दै सो को संस्थागत गर्न बेलका नगरपालिका प्रतिबद्ध रहेको छ ।

आगामी बर्षको वजेट तथा कार्यक्रम तर्जुमा गर्दा नगरबासीको आर्थिक तथा सामाजिक हित प्रवर्धनका लागि नेपाल सरकार एबं प्रदेश सरकार र साझेदारी संस्थाहरुको सहकार्य र समन्वयमा प्राप्त श्रोत र साधनहरुको समन्यायिक वितरण गर्ने विषयमा नगरपालिकाले विशेष जोड दिएको छ ।

आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले नगर प्रमुखज्यूवाट पेश भएको नीति तथा कार्यक्रम नेपालको संविधान नेपाल सरकार र कोशी प्रदेश सरकार पेश गरेका नीति तथा कार्यक्रम र वजेट आवाधिक योजना तथा विषयगत समितिवाट प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु ।

सभाध्यक्ष महोदय

अव म बेलका नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को वजेटका प्राथमिकता तथा उदेश्य प्रस्तुत गर्न चाहन्छु ।

<u>वजेटको प्राथमिकता</u>

- विपदजन्य अवस्थावाट जनधनको सुरक्षा गर्नु र विपदजन्य सम्भावित जोखिम कम गर्न आवश्यक पहल गरिनेछ ।

- आर्थिक सामाजिक र भौतिक पूर्वाधारहरुको विकास र निर्माणलाई तिब्रता प्रदान गरिनेछ।
- हरेक वडावाट आगामी आर्थिक वर्ष भित्र कम्तिमा ३ वटा योजना छनौट गरि सोको लागि आवश्यक तयारी गरी योजना बैंक निर्माण गरिनेछ ।
- नगरपालिका भित्र रहेका न्युनतम खाद्यान्न समेत प्राप्त गर्न नसेका परिवारलाई आधारभुत खाद्यान्न उपलब्ध गराईनेछ ।
- ख वर्गका अपाङ्गता भएका ब्यक्ति/परिवार, मानसिक स्वास्थ्य समस्या भएका ब्यक्ति/परिवारलाई निशुल्क बिमा मार्फत स्वास्थ्यसेवामा पहुच बृद्धि गरिनेछ ।
- बेलका नगरपालिकालाई बेवारिसे सडक मानव रहित नगर वनाउने कार्यलाई निरन्तरता दिईनेछ।
- बेलका नगरपालिकामा १० शैयाको आधारभुत अस्पताल निर्माण गर्ने र सवै नगरबासिहरुलाई स्वास्थ्य बिमालाई प्रभावकारी वनाईनेछ ।
- शिक्षामा पहुच अभिबृद्धि गर्ने कुनै पनि बालबालिका विद्यालय बाहिर नहुने ब्यवस्था मिलाउने तथा बौद्धिक अपाङ्गता भएका बालबालिकालाई समेत अध्ययनको अवसर प्रदान गर्न सहजिकरण गरिनेछ।
- शिक्षालाई गुणस्तरिय वनाउन विद्यालय पूर्वाधार सुधारमा विशेष ध्यान दिईनेछ ।
- लघु उद्यम श्रृजना गर्न र स्वरोजगार श्रृजना हुने खालका उद्यम ब्यवसाय स्थापना र स्तरोन्नतीमा सहयोग गरिनेछ ।
- बेलका नगरपालिकाको वडा नं. ८ लाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधार विकास र कोशेलीघर संचालन गरिनेछ ।
- रामपुर वजार तथा आसपासका क्षेत्रहरुमा रहेको खानेपानी समस्यालाई समाधान गर्न विशेष अनुदान अन्तरगत रामपुर खानेपानी आयोजना संचालन गरिनेछ ।
- जनसहभागितामा आधारित योजना तर्जुमा गरि योजना कार्यान्वयनमा स्थानीयको अपनत्व र दिगोपन कायम गर्न प्रयास गरिनेछ ।
- सोमबारे - मायुङ्टार, रामपुर - आम्बासी तथा लालवजार - घारेघाट सडकलाई थप प्रभावकारी वनाउनका लागि संघीय सरकार तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

- नगरपालिका भित्र रहेका जेष्ठ नागरिकहरुलाई सम्मानित गर्दै पिछडिएको बर्गलाई विभिन्न समिति मार्फत क्षमता विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकालाई बालमैत्री वनाउने कार्यलाई निरन्तरता दिईनेछ ।
- महिंसा पिडितहरुको संरक्षण र पुनस्थापनाका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विभिन्न पूर्वाधार तथा सामाजिक विकास साझेदारी निकायहरुसंगको साझेदारीलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य शिविरहरुलाई निरन्तरता तथा थप गरिनेछ ।
- महिला सुरक्षित आवास गृह, संचालन अस्मिता राई सर्पदेश उपचार केन्द्र, बेलका आखा अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र तथा आयुर्वेद उपचार केन्द्रलाई निरन्तरता दिईनेछ ।
- आरोग्य रहन योग शिक्षालाई समुदाय तथा बिद्यालयस्तरमा अनुशिक्षण गरिनेछ ।
- दिगो विकास र वातावरण संरक्षणमा विषेश ध्यान दिईनेछ ।

<u>वजेटको उदेश्य</u>

- विपद ब्यवस्थापनमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, सहयोगी निकायहरु तथा जनसहभागितामा विपद ब्यवस्थापनको कार्य गर्ने ।
- सडक पूर्वाधार, ग्रामीण सडक, सिचाई, खानेपानीका संरचना विकास तथा विस्तार कार्यलाई संघ, प्रदेश तथा दातृ निकायको सहकार्यमा अगाडी बढाउने तथा अधुरा योजनालाई प्राथमिकतामा राखि पुरा गर्ने ।
- पूर्वाधार विकासलाई दिगो र स्थानीयबासीहरुको अपनत्व हुने गरी कार्य गर्ने ।
- शिक्षाको सुधार स्वास्थ्यको पहुच बृद्धि रोजगारी श्रृजना र पर्यटन प्रवर्धनमा उल्लेख्य सुधार गर्ने ।
- स्थानीय तहमा रहेका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका र सस्थागत सुधारका कार्यहरुलाई निरन्तरता दिने ।

जनसहभागिता उत्तरदायित्व पारदर्शिताको अभिबृद्धि गर्दै प्राप्त लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्दै प्रभावकारी सुलभ र गुणस्तरिय सेवा प्रदान गर्दै नागरिकहरुको चाहना बमोजिम सुशासनको प्रवर्धन गर्ने ।

आदरणीय सभाध्यक्ष महोदय,

अव म बेलका नगरपालिकाको आ.व. २०८०/८१ को २०८१ जेष्ठ मसान्त सम्मको आय र ब्ययको स्थिति प्रस्तुत गर्न अनुमती चाहन्छु ।

| शिर्षक | शिर्षक | प्राप्त सीमा | २०८१/जेष्ठ मसान्तसम्मको यथार्थ आय | २०८१/जेष्ठ मसान्तसम्मको यथार्थ ब्यय |
|---|---|---|---|---|
| १ | संघीय समानिकरण | १२९२०००००० | ९५४०००००० | ५०५०३७२० |
| २ | संघीय राजश्व बाँडफाँड | १३१८१६००० | ९९३७१५०७ | ८३५०५५१२ |
| ३ | संघीय शसर्त चालु | २७४७८३००० | २७४०९१००० | १८५१९७५१५ |
| ४ | संघीय शसर्त पूजिगत | ४६४८६००० | ४२५८६००० | १४६६५५५८ |
| ५ | संघीय समपुरक | १९०००००० | १५७५०००० | १०८४६४०२ |
| ६ | संघीय बिशेष अनुदान | २०००००० | ० | ० |
| ७ | प्रदेश समानिकरण | ८००६००० | ८००६००० | ३२४१३९६ |
| ८ | प्रदेश राजश्व वाडफाड | ४६७७००० | ५८०५१७१ | ४५४४३४४ |
| ९ | प्रदेश शसर्त चालु | ३९२५००० | ३७२५००० | ८३७६३० |
| १० | प्रदेश शसर्त पूजिगत | १११८१००० | ९६८१००० | २५४३७७२ |
| ११ | प्रदेश समपुरक | १३०००००० | ६३००००० | १६७४१५९ |
| १२ | आन्तरिक आय विभाज्य कोष समेत | ४०००००० | २२३३२००० | ४६८७०४७४ |
| १३ | मौज्दात सरेको | २४५५०००० | २४५५०००० | |
| १४ | आन्तरिक आय अन्य | २३७५०००० | ० | |
| १५ | मालपोत/वन | ५१५०००० | ५४४२८६० | ५१५०००० |
| | जम्मा | ७५५५२४००० | ६१३०४०५३८ | ४०९५८०४८२ |

सभाध्यक्ष महोदय

सभाका सदस्यज्यूहरु

अव म क्षेत्रगतहरुपमा आगामी आर्थिक वर्ष २०८१/८२ को वजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## १. विषयगत/क्षेत्रगत वजेट तथा कार्यक्रम

बेलका नगरपालिकाको आर्थिक विकास अन्तरगत शसर्त अनुदान तर्फ बाहेक तपसिल बमोजिमको वजेट तथा कार्यक्रममा लागि रु दूई करोड चौविस लाख तिन हजार एक सय अठ्तिस रुपैया विनियोजन गर्ने गरी प्रस्ताव गरेकोछु ।

तपसिल

| विषय क्षेत्र | विनियोजित रकम | कैफियत |
|---|---|---|
| कृषि विकास कार्यक्रम तर्फ | २०००००० | बिस लाख |
| पशुपंक्षी तथा मत्स्य विकास तर्फ | १०००००० | दश लाख |
| उद्यम विकास कार्यक्रम | ५००००० | पाँच लाख |
| सहाकरी प्रवर्धन कार्यक्रम | ५००००० | पाँच लाख |
| पर्यटन विकास कार्यक्रम | ५००००० | पाँच लाख |
| खानेपानी ब्यवस्थापन कार्यक्रम | ५००००० | पाँच लाख |
| बहुक्षेत्रिय पोषण कार्यक्रम  साझेदारी | २००००० | बिस लाख |
| समृद्धि आयोजनासंग साझेदारी | २००००० | बिस लाख |
| विदेशवाट फर्किएकाहरलाई रोजगार सहजिकरण/परामर्श कार्यक्रम | २००००० | बिस लाख |
| वन तथा फलफुल नर्सरी ब्यवस्थापन | १००००० | एक लाख |
| नगर अस्पताल संचालन कोष | ७०२०००० | सत्तरी लाख बिस हजार |
| विपदवाट प्रभावितहरुलाई सहयोग कार्यक्रम | ५००००० | पाँच लाख |
| संघसंस्था समन्वय तथा सहजिकरण | ५००००० | पाँच लाख |
| महिला विकास कार्यक्रम/आयआर्जन तथा षमता विकास समेत | १०००००० | दश लाख |
| भूमी नापि नक्सा समेतको कार्य | ८००००० | आठ लाख |
| बेलका १ मा बनेको कोल्डस्टोर संचालन समेत | १०००००० | दश लाख |

| | | |
|---|---|---|
| विभिन्न निकायसंग आर्थिक विकाससंग साझेदारी | ८८३१२८ | आठ लाख त्रियासी हजार एकसय अठ्ठाईस |
| वडास्तरिय आर्थिक विकास कार्यक्रम | ४०००००० | चालिस लाख |
| पर्यटन विकास समिति तर्फ | १०००००० | दश लाख |
| जम्मा | २२४०३१२८ | |

**यसरी सिमित श्रोतसाधनको अधिकतम उपयोग गरी आ.व. २०८१/८२ मा आर्थिक विकास तर्फ विनियोजित वजेट तथा कार्यक्रमको संचालनवाट क्रमागत सुधारको अपेक्षा लिएको छु ।**

**२. सामाजिक विकास**

**बेलका नगरपालिका अन्तरगत विविध सामाजिक क्षेत्रको सुधारको निरन्तरता तथा जनअपेक्षा अनुरुप विकासका लागि पाँच करोड सत्तरी लाख विनियोजनको प्रस्ताव गरेकोछु ।**

| सि.नं. | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | मानसिक स्वास्थ्य बीमा कार्यक्रम | ५०००० | |
| २ | ख बर्गका अपाङ्गता भएका परिवार बीमा कार्यक्रम | ५०००० | |
| ३ | स्वास्थ्य शिविर साझेदारी | १०००००० | |
| ४ | प्रदेश सरकार /करुणा फाउन्डेसन साझेदारी | २५००००० | |
| ५ | लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि मनो सामाजिक सहयोग साझेदारी | २५००००० | |
| ६ | अन्य विविध साझेदारी विभिन्न साझेदार संस्थाहरुसंग | ६००००० | |
| ७ | शिक्षा तर्फ अनिवार्य दायित्व नगर शिक्षक समेत | ३२००००००० | |
| ८ | स्वास्थ्य तर्फ अनिवार्य दायित्व | ६०००००० | |
| ९ | वडा कार्यालय तर्फ वडागत विभाजन हुने | ४०००००० | |
| १० | अस्मिता सर्पदेश उपचार केन्द्र संचालन | १००००० | |
| ११ | बेलका आखा उपचार केन्द्र संचालन | १००००० | |
| १२ | खेलकुद विकास समिति | १०००००० | |
| १४ | सुरक्षित महिला आवास कार्यक्रम | ५००००० | |
| १५ | अति विपन्न खाद्यान्न कार्यक्रम/मृत्यु संस्कार सहयोग समेत | १००००० | |
| १६ | विपद प्रभावित सहयोग कार्यक्रम | ५००००० | |
| १७ | विपन्न नागरिक उपचार सहयोग कार्यक्रम | २००००० | |
| १८ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५००००० | |
| १९ | अपाङ्गता उपचार सहयोग कार्यक्रम | १००००० | |
| २० | हिंसा पिडित महिला सहयोग कार्यक्रम | ३००००० | |
| २१ | सडक मानव ब्यवस्थापन सहयोग कार्यक्रम | २००००० | |
| २२ | स्थानीय पत्रकार प्रवर्धन कार्यक्रम | २००००० | |
| २३ | स्थानीय एफ. एम. प्रवर्धन कार्यक्रम | २००००० | |
| २४ | संघ संस्था सहयोग कार्यक्रम | ५००००० | |

| | | | |
|---|---|---|---|
| २५ | धर्म संस्कृति संरक्षण कार्यक्रम | २००००० | |
| २६ | श्रष्टा/कला सम्मान कार्यक्रम | २००००० | |
| २७ | नगर गान निर्माण | २००००० | |
| २८ | विभिन्न विषयगत समिति लक्षित कार्यक्रम | १५००००० | |
| २९ | सुरक्षित मातृत्व एम्बुलेन्स, शव बाहन तथा पानी टंकी संचालन ब्यवस्थापन | २००००० | |
| ३० | आमा सुरक्षा कार्यक्रम गर्भवती महिला पोषण | ३००००० | |
| ३१ | किसोरी आत्मरक्षा कार्यक्रम | ३००००० | |
| | जम्मा | ५७०००००० | |
| | प्रतिशत | १६ | |

**बेलका नगरपालिकाका सामाजिकरुपमा विविध पक्षहरमा समानुपातिक सुधारको आवश्यकता रहेको हुदा आगामी आर्थिक वर्षमा सामाजिक विकासमा तोकिएका शिर्षकहरु मार्फत समाज र समाजका गतिविधहरु चलाएमान हुने अपेक्षा गरेकोछु ।**

**३. पूर्वाधार विकास**

**बेलका नगरपालिका अन्तरगत पूर्वाधार विकास क्षेत्रको सुधारको निरन्तरता तथा जनअपेक्षा अनुरुप विकासका लागि बाह्र करोड एकानब्बे लाख तिस हजार विनियोजनको प्रस्ताव गरेकोछु ।**

| सि.नं. | कार्यक्रम | पूर्वाधार विकास | कैफियत |
|---|---|---|---|
| १ | योजना बैंकमा राख्ने योजना तयारी | ५०००००० | |
| २ | समपुरक साझेदारी संघीय | २६०००००० | |
| ३ | समपुरक अनुदान प्रदेश सरकार | ६०००००० | |
| ४ | सडक बोर्ड साझेदारी | २५००००० | |
| ५ | झोलुङ्गे पुल साझेदारी | ६०००००० | |
| ६ | साना सिचाई साझेदारी | ३५००००० | |
| ७ | भारतिय दुतावास विद्यालय निर्माण साझेदारी | ५०००००० | |
| ८ | बेलका नगरपालिकामा सभाहल/प्रशासनिक भवनको तयारी | १५००००० | |
| ९ | स्ल्याव कल्भर्ट भुक्तानी दायित्व सर्ने | २००००० | |
| १० | भुक्तानी बाकी सर्ने | २५०००००० | |
| ११ | वडा कार्यालय तर्फ | ४६३८०००० | |
| १२ | सहिद पार्क तथा वाल उद्यान निर्माण | १०५०००० | |
| १३ | आपतकालिन सडक मर्मत सम्भार कार्यक्रम | ५००००० | |
| १४ | विद्युत विस्तार सहयोग कार्यक्रम | ५००००० | |
| | जम्मा | १२९१३००० | |

| | | | |
|---|---|---|---|
| | | ० | |

बेलका नगरपालिकामा पूर्वाधार विकासका अधिक माग तथा आवश्यकता रहेको तर सिमित श्रोत साधन भएको हुदा अधिक आवश्यकता परेका क्षेत्रमा प्राथमिकता राखि कार्य गर्ने तथा निर्मित संरचनाको दिगोपनाको लागि सामाजिक रुपमा सवल वनाउने कार्य गरी पूर्वाधार तर्फका कृयाकलापहरुले न्युनतम आवश्यकता पुरा गर्ने अपेक्षा लिएको छु । आगामी आर्थिक वर्ष भित्र प्रत्येक वडावाट ३ वटा योजना छनौट गरि सो को पूर्व तयारीका कार्य सम्पन्न गरि योजना बैकमा राख्ने ब्यवस्था मिलाएको छु ।

४ वन वातावरण तथा विपद ब्यवस्थापन

बेलका नगरपालिका विभिन्न विपदवाट घेरिएको अवस्थामा रहेको छ । सम्भावित विपदको ब्यवस्थापन गर्न संघीय सरकार प्रदेश सरकार तथा सरोकारवाला निकायहरुसंगको समन्वय र साथ सहयोग निरन्तर भई रहेकोछ । वन वातावरढ तथा विपद ब्यवस्थापन शिर्षकमा आ.व. २०८१/८२ का लागि रु १२१०००००।— अक्षरेपी एक करोड एक्काईस लाख मात्र विनियोजन प्रस्ताव गरेको छु । सो रकम तपसिल बमोजिमको वन वातावरण तथा विपद ब्यवस्थापन अन्तरगत खर्च गरिनेछ ।

तपसिल

| सि.नं. | कार्यक्रम | वन वातावरण तथा विपद ब्यवस्थापन | कैफियत |
|---|---|---|---|
| १ | विपद ब्यवस्थापन कोष | २२००००० | |
| २ | तार जाली ह्युमपाईप खानेपानी समेत | २०००००० | |
| ३ | नदी नियन्त्रण तथा दिगो ब्यवस्थापन वडा साझेदारी | २६००००० | |
| ४ | वडा कार्यालय तर्फ | ४०००००० | |
| ५ | वन वातावरण तथा बृक्षारोपण कार्यक्रम | २००००० | |
| ६ | सुरक्षाजन्य सहयोग कार्यक्रम | २००००० | |
| ७ | सडक दुर्घटना न्युनिकरण कार्यक्रम | १००००० | |
| ८ | नदिजन्य पदार्थ चोरी निकासी नियन्त्रण प्रोत्साहन कार्यक्रम | ४००००० | |
| ९ | विपद जोखिम ब्यवस्थापन न्युनिकरण तथा जलवायु अनुकुलन कार्यक्रम | २००००० | |
| १० | अग्नि नियन्त्रक सामाग्री रिफिल तथा खरिद आपतकालिन संचालन केन्द्र | २००००० | |
| | जम्मा | १२१००००० | |

विपदजन्य अवस्थाको अधिक सम्भावना रहेको हुदा सम्वन्धित निकायहरुसंग निरन्तर समन्वय गर्दै ब्यवस्थापनका कार्य गरिनेछ ।

## ५ क. संस्थागत विकास तथा सुशासन

नागरिकले कार्यालयवाट प्राप्त गर्ने सेवा तथा विकासका कार्यहरु जति बढी पारदर्शी र सहभागितात्मक वनाउदै नागरिकहरुमा सरकार प्रतिको भावना समेत प्रभाव पदर् जाने हुदा कार्यालयको संस्थागत विकास र सुशासन कायम गर्न रु ३३३५००००।– अक्षरेपी रु तिन करोड तेतिस लाख पचास हजार विनयोजनको प्रस्ताव गरेको छु । कार्यालयको संस्थागत विकास तथा सुशासन प्रवर्धनका कार्यक्रमवाट असल पद्धतिको विकास भई सेवा प्रवाह र विकास सहज हुने अपेक्षा गरेको छु । सो रकम तपसिल बमोजिमको कार्यक्रम मार्फत खर्च गरिनेछ ।

### तपसिल

| सि.नं. | कार्यक्रम | सस्थागत विकास तथा सुशासन |
|---|---|---|
| १ | नगर कार्यपालिका बैठक भत्ता खाजा समेत समेत | १५००००० |
| | | |
| २ | २ पटक नगरसभा खर्च | १०००००० |
| ३ | नगरस्तरिय योजना मुल्यांकन तथा अनुगमन कार्य | १०००००० |
| ४ | भ्रमण खर्च जनप्रतिनिधि ५० जना जनप्रतिनिधि बार्षिक | १२००००० |
| ५ | भ्रमण खर्च कर्मचारी २०० जना कर्मचारी बार्षिक | २०००००० |
| ६ | पाहुना/विशिष्ट ब्यक्तिहरुको भ्रमण हुदाको खर्च | ३००००० |
| ७ | विषयगत समितिको बैठक भत्ता | ५००००० |
| ८ | मोटर साईकल खरिद | ८००००० |
| ९ | अतिथि सत्कार समेत विविध | १०००००० |
| १० | वातावरणीय अध्ययन तथा परामर्श सेवा | १५००००० |
| ११ | नगर प्रोफायल निर्माण | १५००००० |
| १२ | आवाधिक योजना निर्माण | १२००००० |
| १३ | मध्यकालिन खर्च संरचना निर्माण | ३००००० |
| १४ | सामाजिक परिक्षण | ८००००० |
| १५ | सार्वजनिक सुनुवाई ३ पटक | ४५०००० |
| १६ | संगठन ब्यवस्थापन (O and M )/जेसि अडिट | ३००००० |
| १७ | वालमैत्री वडा तयारी कार्यक्रम ३ वटा वडा | १५००००० |
| १८ | नगरसभा संचलान थप भएमा | ३००००० |
| १९ | भूमी बर्गिकरण कार्य | १०००००० |
| २० | स्मार्ट पालिका/प्रविधि मैत्री वनाउने कार्यक्रम साझेदारी/नव प्रवर्तन | १०००००० |
| २१ | वडा कार्यालय तर्फ | ४०००००० |
| २२ | सेवा निबृत हुने कर्मचारीका लागि कोष जम्मा | १०००००० |
| २३ | न्यायिक तथा प्रशासनिक निर्णय बमोजिम भुक्तानी गर्नु पर्ने दायित्व | १०००००० |
| २४ | न्यायिक समिति | १०००००० |
| २५ | नगर प्रमुख जनसरोकार कार्यक्रम | १०००००० |
| २६ | नगर उप प्रमुख पृष्ठपोषण कार्यक्रम | १०००००० |

| | | |
|---|---|---|
| २७ | जनप्रतिनिधि /कर्मचारी क्षमता विकास कार्यक्रम | ६०००००० |
| २८ | योजना मुल्यांकन /योजना अनुगमन तथा परिक्षा संचालन लगायत | ६०००००० |
| २९ | सवारी साधन बीमा तथा नविकरण | १२०००००० |
| ३० | एम्बुलेन्स र शववाहन ठुला सवारी चालक प्रोत्साहन १० प्रतिशत | ३०००००० |
| ३१ | प्रशासनिक खर्च सूचना प्रकाशन समेत | ७०००००० |
| ३२ | सडक बत्ती सि सि क्यामेरा जडान तथा मर्मत | ३०००००० |
| ३३ | योग तथा ध्यान शिविर | ५०००००० |
| ३४ | घर नक्सा तथा बस्ति विकास कार्यक्रम | २०००००० |
| ३५ | म्यादी नगर प्रहरी ब्यवस्थापन | ८०००००० |
| | जम्मा | ३३३५००००० |

## ५ ख. कार्यालय संचालन तथा प्रशासनिक खर्च

**बेलका नगरपालिकाको सेवा प्रवाह तथा विकास ब्यवस्थापन गर्न आवश्यक जनशक्ति श्रोत साधनका लागि रु १००६५०००।— अक्षरेपी दश करोड पसठ्ठी हजार मात्र विनियोजन प्रस्ताव गरेको छु ।**

| सि.नं. | कार्यक्रम | कार्यालय संचालन तथा प्रशासनिक खर्च |
|---|---|---|
| १ | कर्मचारी तलव भत्ता स्थायी कर्मचारी ५८ जना | २७०००००० |
| २ | करार कर्मचारी भत्ता समेत ७७ जना | २३०००००० |
| ३ | विविध प्रशासनिक खर्च करार कर्मचारी महंगी भत्ता समेत | १३०००००० |
| ४ | ज्यालादारी कर्मचारी पारिश्रमीक ३७ जना | ४००००००० |
| ५ | साझेदारी कार्यक्रम अन्तरगत जम्मा २० | ४००००००० |
| ६ | जनप्रतिनिधि सुविधा | ९००००००० |
| १४ | बत्ती पानी ईन्टरनेट लगायत | ३५०००००० |
| १५ | ईन्धन ठुला साना सवारी तथा मोटरसाईकल समेत | |
| | ईन्धन ठुला सवारी जेसिभि१/ ब्याकहो लोडर१/ट्याट्रर ४/ पानी टंकी १ | २००००००० |
| | ईन्धन साना सवारी जीप ३/ एम्बुलेन्स ३ /शव बाहन १ /अन्य | ३००००००० |
| | दुई पाङ्ग्रे सवारी साधन ईन्धन ७० वटा | २००००००० |
| | सार्वजनिक निकाय ईन्धन सहयोग सुरक्षाकर्मी समेत | ५०००००० |
| १६ | मर्मत ठुला साना तथा मोटर साईकल समेत | |
| | मर्मत सम्भार ठुला सवारी जेसिभि/ब्याकहो लोडर/ट्याक्ट्रर/पानी टंकी | ३००००००० |
| | मर्मत सम्भार साना सवारी जीप/एमबुलेन्स/शव बाहन समेत छ वटा | ३००००००० |
| | मर्मत सम्भार दुई पाङ्ग्रे सवारी | २००००००० |
| | सार्वजनिक निकाय सवारी मर्मत सहयोग सुरक्षा निकाय समेत | ५०००००० |
| १७ | कार्यालय समाग्री खरिद | ३५०००००० |
| १८ | ईलेक्ट्रिकल ईलेक्ट्रोनिक्स सामान खरिद तथा मर्मत | १२०००००० |
| १९ | फर्निचर फिक्चर समेत | १००००००० |
| २२ | घरजग्गा भाडा सवारी भाडा समेत | १५०००००० |
| ६० | वडा कार्यालय तर्फ | ४००००००० |
| ७१ | अदालती/कानूनी परामर्श सेवा | ४५०००० |
| ७२ | नगर प्रमुख सचिवालय ब्यवस्थापन | ५०००००० |

| | | |
|---|---|---|
| ७३ | नगर उप प्रमुख सचिवालय ब्यवस्थापन | ५०००० |
| १२२ | सञ्चार शुल्क कार्यालय प्रयोजन | २००००० |
| | जम्मा | १००६५०००० |

कार्यालय संचालन तथा प्रशासनिक खर्चलाई अधिक मितब्ययि भई । श्रोत साधनको अधिक उपलब्धि हासिल गर्न सम्पुर्ण जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुवाट अधिक सहयोगको अपेक्षा गरेको छु ।

५ ग. फिर्ता गर्नुपर्ने रकम ब्यवस्थापन

बेलका नगरपालिकाको आ.व. २०७०/८० को अन्तिम लेखा परिक्षणकाक्रममा संघीय सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने भनि तोकिएको रकम तोकिएको निकायलाई नै फिर्ता गर्ने गरी रु ६३८९८७३।– अक्षरेपी त्रिसठ्ठी लाख उनानब्बे हजार आठ सय त्रिहत्तर रुपैया विनियोजनको प्रस्ताव गरेको छु । सो रकम तपसिलमा उल्लेख भए बमोजिम सम्वन्धित निकायलाई फिर्ता गरिनेछ ।

तपसिल

| सि.नं. | कार्यक्रम | विभिन्न फिर्ता |
|---|---|---|
| १ | संघीय सरकारलाई फिर्ता गर्नुपर्ने भ्याट रकम | ८६२८०० |
| २ | प्रदेश सरकारलाई रोयल्टीको फिर्ता गर्नुपर्ने | ५५२७०७३ |
| | जम्मा | ६३८९८७३ |

यसरी नगरपालिकाको नगरसभावाट वजेट तथा कार्यक्रम मार्फत अनुमोदन भई गरिने खर्च रकमको सारांस तपसिल बमोजिमको रहेको छ ।

| सि. नं. | विषय/क्षेत्र | रकम | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास तर्फ | २४९०००००० | |
| २ | सामाजिक विकास | ६८२५०००० | |
| ३ | पूर्वाधार विकास | १२५११५००० | |
| ४ | वन वातावरण तथा विपद ब्यवस्थापन | १३१००००० | |
| ५ क. | संस्थागत विकास तथा सुशासन तथा सेवा प्रबाह | १४१७०८००१ | |

| | | | |
|---|---|---|---|
| | जम्मा | ३७३०७३००१ | |

बित्तिय हस्तान्तरणबाट प्राप्त हुने अनुदान

नेपाल सरकार तथा प्रदेश सरकारवाट बित्तिय हस्तान्तरण अन्तरगत सशर्त अनुदान समपुरक अनुदान बिशेष अनुदान अन्तरगत तर्फ प्राप्त वजेट तथा कार्यक्रम रु ४७३६२५०००।– अक्षरेपी सतचालिस करोड छतिस लाख पचास हजार संघीय सरकार प्रदेश सरकार वा तोकिएको निकायवाट प्राप्त वजेट कार्यक्रम तथा कार्यविधि बमोजिम खर्च गरिनेछ ।

शसर्त तर्फ तपसिल बमोजिमको वजेट सिलिङ प्राप्त भए बमोजिम खर्च प्रस्ताव गरेको छु । यसका अतिरिक्त नेपाल सरकार तथा विभिन् निकायवाट थप विनियोजन हुने सडक बोर्ड नेपाल गरिव संग विश्वेस्वर सामाजिक सुरक्षा भत्ता प्रधानमन्त्री रोजगार तथा विभिन्न निकायसंग साझेदारी सम्झौता भई प्राप्त कार्य्क्रमलाई तोकिएको कार्यविधि बमोजिम खर्च गरिनेछ ।

तपसिल

| | | |
|---|---|---|
| १ | संघीय शसर्त | ३६८१००००० |
| २ | प्रदेश शसर्त | १४५२५००० |
| ३ | संघीय समपुरक | २८०००००० |
| ४ | प्रदेश समपुरक | १३०००००० |
| ५ | विशेष अनुदान | ५०००००००० |
| | सशर्त तर्फ जम्मा | ४७३६२५००० |

यसरी बेलका नगरपालिकाको आ.व. २०८१/८२ मा गर्ने बजेट खर्च पूर्तिका लागि श्रोतहरु प्रस्तुत गर्न चाहन्छु ।कुल आय र ब्ययको अवस्था तपसिल बमोजिम रहेको भनि यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु ।

बेलका नगरपालिकाको प्रस्तावित आय विवरण

| निशर्त तर्फ शिर्षक | | अनुमानित आय |
|---|---|---|
| १ | संघीय समानिकरण | १२९२००००० |
| २ | प्रदेश समानिकरण | ८१०८००० |
| ३ | बाडफाँडवाट प्राप्त हुने | १३७४४५१८७ |
| ४ | राजस्व बाडफाड प्रदेश स्थानीय मालपोत/यातायात | ७९६५००० |
| ५ | बन रोयल्टी तथा विद्युत रोयल्टी लगायत | ३४५४८१४ |
| ६ | आन्तरिक आय | ४०००००००० |
| ७ | अनुमानित मौज्दात सर्ने | ३५०००००० |

| | | |
|---|---|---|
| | निशर्त तर्फ जम्मा | ३६११७३००१ |

सशर्त तर्फ शिर्षक

| | | |
|---|---|---|
| १ | संघीय शसर्त | ३६८१००००० |
| २ | प्रदेश शसर्त | १४५२५००० |
| ३ | संघीय समपुरक | २८०००००० |
| ४ | प्रदेश समपुरक | १३०००००० |
| ५ | विशेष अनुदान | ५००००००० |
| | सशर्त तर्फ जम्मा | ४७३६२५००० |
| | कुल जम्मा | ८३४७९८००१ |

बेलका नगरपालिकाको प्रस्तावित ब्यय विवरण

| सि. नं. | विषय/क्षेत्र | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास तर्फ | २२४०३१२८ | ६ |
| २ | सामाजिक विकास | ५७०००००० | १६ |
| ३ | पूर्वाधार विकास | १२९२८०००० | ३६ |
| ४ | वन वातावरण तथा विपद ब्यवस्थापन | १२१००००० | ३ |
| ५ क. | संस्थागत विकास तथा सुशासन | ३३३५०००० | ९ |
| ५ ख. | कार्यालय संचालन तथा प्रशासनिक खर्च | १००६५०००० | २८ |
| ५ ग. | फिर्ता गर्नुपर्ने | ६३८९८७३ | २ |
| | जम्मा | ३६११७३००१ | |
| ६ | शसर्त तर्फ | ४७३६२५००० | |
| | जम्मा | ८३४७९८००१ | |

**यसरी बेलका नगरपालिकावाट तोकिएको विधि बमोजिम अधिकतम लाभ लिने गरी आर्थिक बर्ष २०८१/८२ मा कार्यक्रम सञ्चालनमा सम्पुर्ण जनप्रतिनिधि राष्ट्रसेवक कर्मचारी सरोकारवाला निकाय तथा आम बेलकाबासीको यथेष्ट सहयोग र सहकार्यको अपेक्षा गरेको छु ।**

**श्रद्धेय सभामुख महोदय**

**सभाका सदस्यज्यूहरु**

**अव म आर्थिक वर्ष २०८१/८२ का लागि राजश्वका श्रोत तथा दर प्रस्तुत गर्न चाहन्छु ।**

**बेलका नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न का निमित्त स्थानीय कर तथा दस्तुर संकलन गर्न तथा आय संकलनको प्रशासनिक ब्यवस्था गर्न नेपालको संबिधानको धारा २२८ को उपधारा २ बमोजिम यस नगरसभा समक्ष आर्थिक बिधेयक,२०८१ र सोका अनुसूचीहरु स्विकृतिका लागि यसैसाथ पेश**

गरेकोछु ।आर्थिक श्रोत परिचालन गर्न आ.व. २०८१/८२ मा तोकिएका कर तथा गैर कर सम्वन्धि दरहरु संलग्न अनुसूचीमा रहेका छन ।

बेलका नगरपालिकाको आ.व. २०८१/८२ को विनियोजन विधेयक,२०८१ यसैसाथ संलग्न गरि पेश गरेको छु ।

अन्तमा बेलका नगरपालिकाको आ.व. २०८१/८२ मा वजेट तथा कार्यक्रम र विधेयक तयार गर्न सहयोग र सहजिकरण गर्ने श्रोत अनुमान तथा सीमा निर्धारण समिति राजश्व परामर्श समिति विभिन्न विषयगत समिति विभिन्न विषयगत शाखा जनप्रतिनिधि राष्ट्रसेवक कर्मचारी राजनीतिक दलका प्रतिनिधि नागरिक समाज लगायत प्रत्यक्ष वा परोक्षरुपमा सल्लाह सुझाव प्रदान गर्नुहुने सम्पुर्ण नगरबासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद